


वर्ष ४० | अंक १० | नेपाल राष्ट्र बैंक समाचार | असार २०७३ | जुन-जुलाइ २०१६

# गभर्नर डा. चिरंजीबि नेपालद्वारा ACU Board of Directors' Meeting मा सहभागिता




गभर्नर डा. चिरंजीबि नेपालले जेठ २१ देखि २३ गतेसम्म Central Bank of Myanmar ले Nay Pyi Taw मा आयोजना गरेको ४५औं ACU Board of Directors' Meeting मा सहभागी हुनुभयो । उहाँले जेठ २२ गते सो Meeting लाई सम्बोधन गर्नुभयो ।

४५औं ACU Board Of Directors Meeting लाई सम्बोधन गर्ने क्रममा गभर्नर डा. नेपालले विश्वका साथै नेपालको वर्तमान आर्थिक अवस्थाका बारेमा प्रकाश पार्नुभयो । उहाँले नेपालमा गतवर्षको भूकम्प र आपूर्ति व्यवधानबाट देशको अर्थतन्त्रमा परेको प्रभावको चर्चा गर्नु हुँदै वित्तीय स्थायित्व र वित्तीय समावेशीकरणका लागि नेपाल राष्ट्र बैंकले ध्यान केन्द्रित गरेको पनि उल्लेख गर्नुभयो ।

गभर्नर डा. नेपालले Asian Clearing Union (ACU) सदस्य राष्ट्र बीचको भुक्तानी प्रणालीलाई थप प्रभावकारी बनाउनका लागि सरलीकरण गर्नुपर्ने आवश्यकता रहेको धारणा पनि सो Meeting मा राख्नुभयो । ACU सदस्य राष्ट्र बीच मौद्रिक, प्राविधिक र व्यापारिक प्रवर्द्धन र विस्तार तथा पारस्परिक सहयोगको अभिवृद्धिमा उहाँले जोड दिनुभयो ।

उक्त बैठकमा ४४औं ACU Board of Directors को निर्णय, ACU का कार्यहरु माथि ACU Secretary General ले तयार पारेको प्रतिवेदन, ACU Standing Technical Committee को प्रस्ताव लगायत विभिन्न विषयहरुमा छलफल भएको थियो । साथै, सो बैठकमा सन् २०१७ को ४६औं ACU Board of Directors को बैठक श्रीलंकामा आयोजना गर्ने निर्णय पनि भएको थियो ।

सो कार्यक्रममा सहभागी हुन गभर्नर डा. नेपाल जेठ १९ गते त्यसतर्फ प्रस्थान गर्नुभई २५ गते स्वदेश फर्कनु भएको थियो । गभर्नरका साथ विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक भिष्मराज ढुंगाना, सोही विभागका सहायक निर्देशक रमेश शर्मा र गभर्नरको कार्यालयका सहायक निर्देशक सिर्जना श्रेष्ठ पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

एसियन क्लियरिङ युनियन नौ वटा केन्द्रीय बैंकहरु (Bangladesh Bank, Royal Monetary Authority of Bhutan, Reserve Bank of India, Central Bank of the Islamic Republic of Iran, Maldives Monetary Authority, Central Bank of Myanmar, Nepal Rastra Bank, State Bank of Pakistan, Central Bank of Srilanka) को क्षेत्रीय संगठन हो । ACU को सचिवालय इरानको तेहरानमा रहेको छ ।

## विभागको नाम परिवर्तन

साविक भुक्तानी तथा फछ्यौंट विभागको नाम परिवर्तन गरी नेपालीमा भुक्तानी प्रणाली विभाग र अंग्रेजीमा Payment Systems Department बनाइएको छ ।

**नेपाल राष्ट्र बैंक समाचार www.nrb.org.np मा समेत पढ्न सकिन्छ ।**

# जोखिम व्यवस्थापन तथा व्यवस्थापन गोष्ठी सम्पन्न

संस्थागत योजना विभागको आयोजनामा जेठ २५ गते जोखिम व्यवस्थापन गोष्ठी तथा जेठ २६-२७ गते व्यवस्थापन गोष्ठी काठमाडौंमा सम्पन्न भयो । यी दुवै गोष्ठीमा गभर्नर डा. चिरन्जीबि नेपाल प्रमुख अतिथिका रुपमा रहनु भएको थियो । डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिबराज श्रेष्ठको पनि दुवै गोष्ठीमा उपस्थिति रहेको थियो ।

## जोखिम व्यवस्थापन गोष्ठी

गभर्नर डा. चिरन्जीबि नेपालले जोखिम व्यवस्थापन गोष्ठीलाई सम्बोधन गर्नुहुँदै नेपाल राष्ट्र बैंकले मुलुकको दीर्घकालीन आर्थिक हितका लागि कार्य गरिरहेको बताउनु भयो । उहाँले विश्वको अन्य भूभागहरुका गतिविधिबाट नेपाल अप्रभावित रहन नसक्ने भएकोले त्यस्तो जोखिम कम गर्नको निमित्त नेपाल राष्ट्र बैंकले अत्याधुनिक सूचना प्रविधिको प्रयोगमा जोड दिने उल्लेख गर्नुभयो । जोखिमको पूर्वानुमान गरी त्यसको न्यूनीकरणका लागि बैंकका हरेक कर्मचारी र विभागहरु चनाखो हुनुपर्ने धारणा पनि उहाँले राख्नुभयो ।




सो गोष्ठीमा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले गोष्ठीले पहिचान गरेका जोखिमहरुका सम्बन्धमा जोखिम व्यवस्थापन समितिमा छलफल गरी न्यूनीकरणका लागि आवश्यक उपायहरु अवलम्बन गरिने जानकारी दिनुभयो । डेपुटी गभर्नर शिबराज श्रेष्ठले सेवा प्रवाहका क्रममा आइपर्ने जोखिमहरुको सम्बन्धमा छलफलको आवश्यकता देखाउनु भयो । संचालक समितिका सदस्य तथा जोखिम व्यवस्थापन समितिका अध्यक्ष श्रीराम पौडेलले नेपाल राष्ट्र बैंकमा जोखिम व्यवस्थापन संस्कृतिको विकास भइरहेको र त्यसैको परिणाम स्वरुप Intregated Risk Management Framework (IRMF) तयार भएको विचार व्यक्त गर्नुभयो ।




उक्त गोष्ठीमा संस्थागत योजना विभागका कार्यकारी निर्देशक डा. शंकरप्रसाद आचार्यले जोखिम व्यवस्थापनका सम्बन्धमा प्रकाश पार्नु भएको थियो । विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशक बासुदेव अधिकारीले विदेशी विनिमय व्यवस्थापनका क्षेत्रमा देखिएका जोखिमहरुका बारेमा अवगत गराउनु भएको थियो । संस्थागत योजना विभागका उपनिर्देशक राजनबिक्रम थापाले जोखिम व्यवस्थापनमा केन्द्रित रहेर प्रस्तुति दिनु भएको थियो ।

## व्यवस्थापन गोष्ठी

व्यवस्थापन गोष्ठीलाई सम्बोधन गर्नुहुँदै गभर्नर डा. चिरन्जीबि नेपालले असहज अवस्था रहे पनि चालू आर्थिक वर्षमा भएको कार्य प्रगति उत्साहप्रद रहेको बताउनु भयो । सबै विभागहरुको सामूहिक छलफलबाट बजेटको आधार तय गर्नुपर्ने विचार राख्दै उहाँले वार्षिक कार्ययोजनाको प्रगतिका सम्बन्धमा आवधिक समीक्षा गर्दै जान उपयुक्त हुने धारणा राख्नुभयो । उहाँले स्रोत र साधनको पूर्ण सदुपयोग र पारदर्शितामा जोड दिँदै अन्तर्राष्ट्रिय रुपमा समेत बैंकको कार्यदक्षता देखिने गरी कार्य गर्न सुझाव दिनुभयो । दोस्रो दिन गोष्ठीको समापनको अवसरमा उहाँले बजेट पर्याप्त भएकोले कार्यान्वयनमा कमजोरी देखाउन नहुने उल्लेख गर्दै केन्द्रीय बैंकको अस्तित्व अन्य निकायभन्दा फरक रहेको धारणा व्यक्त गर्नुभयो । केन्द्रीय बैंकका कर्मचारीले सानोतिनो कुरामा नअल्झिई देशको अर्थतन्त्र नै माथि उठाउने सोच राख्न उहाँले आग्रह गर्नुभयो ।

व्यवस्थापन गोष्ठीको पहिलो दिनको अध्यक्षता डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी र दोस्रो दिनको अध्यक्षता डेपुटी गभर्नर शिबराज श्रेष्ठले गर्नु भएको थियो । संस्थागत योजना विभागका कार्यकारी निर्देशक डा. शंकरप्रसाद आचार्यले विभिन्न विभागद्वारा आर्थिक वर्ष २०७२/७३ मा सम्पन्न कामको समीक्षा गर्नु भएको थियो । आर्थिक वर्ष २०७३/७४ का लागि विभिन्न विभागीय प्रमुख तथा उपत्यका बाहिरका कार्यालय प्रमुखहरुले कार्ययोजना पनि प्रस्तुत गर्नुभएको थियो ।

समापनका दिन सम्पूर्ण विभागहरुको तर्फबाट मन्तव्य राख्दै गभर्नरको कार्यालयका कार्यकारी निर्देशक हरिप्रसाद काफ्लेले बैंकको कार्यालय भवन निर्माणका सम्बन्धमा र उपत्यका बाहिरका कार्यालयहरुको तर्फबाट मन्तव्य राख्दै धनगढी कार्यालयका निर्देशक विश्रुत थापाले उपत्यका बाहिरका कार्यालयहरुको कार्य बोझका सम्बन्धमा विचार व्यक्त गर्नु भएको थियो ।

उपरोक्त दुवै गोष्ठीमा संस्थागत योजना विभागका का. मु. निर्देशक किशोर ढकालले स्वागत मन्तव्य दिनु भएको थियो । कार्यक्रममा नेपाल राष्ट्र बैंकका सबै विभाग/महाशाखा र कार्यालयका कार्यकारी निर्देशक/निर्देशकहरुको सहभागिता रहेको थियो ।

# गभर्नर डा. नेपालबाट सूचनाको हक सम्बन्धी कार्यक्रमलाई सम्बोधन

गभर्नर डा. चिरंजीबि नेपालले जेठ ७ गते शुक्रवार नेपाल राष्ट्र बैंक र राष्ट्रिय सूचना आयोगद्वारा संयुक्त रुपमा आयोजित सूचनाको हक सम्बन्धमा बैंकिङ क्षेत्रको दायित्व विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुभयो।




सो सम्बोधनमा गभर्नर डा. नेपालले नेपाल राष्ट्र बैंकले निकै पहिलेदेखि प्रवक्ता, सहप्रवक्ता, सूचना शाखा, सूचना अधिकारी, सहायक सूचना अधिकारी आदिको व्यवस्था गरी सर्वसाधारणहरुलाई आवश्यक सूचना प्रवाह गरिरहेको र बैंक तथा वित्तीय संस्थाहरुलाई २०७० सालमा नै सूचना अधिकारी तोक्न निर्देशन दिएको उल्लेख गर्नु हुँदै नेपालको बैंकिङ क्षेत्रमा रहेको पारदर्शिताका सम्बन्धमा प्रकाश पार्नुभयो।

बैंक तथा वित्तीय संस्थाले छरिएर रहेको पुँजी एकत्रित गरी व्यवसाय गर्ने भएकोले बैंकिङ क्षेत्रमा सूचनाको अझ बढी महत्व रहेको वास्तविकता गभर्नर डा. नेपालले सो कार्यक्रममा स्पष्ट पार्नुभयो। बैंकिङ व्यवसायलाई विश्वासको व्यवसाय भन्नु हुँदै उहाँले आफ्नो वित्तीय अवस्था बारे यथार्थ जानकारी दिइरहने संस्थाले बढी विश्वास आर्जन गर्न सक्ने र व्यवसायमा पनि प्रगति गर्न सक्ने धारणा व्यक्त गर्नुभयो।

सूचनाको क्षेत्रमा अगाडि रहेका देशहरु मजबुत र शक्तिशाली रहेको तथ्य गभर्नर डा. नेपालले उक्त अवसरमा बताउनु भयो। सूचनालाई विकासको महत्वपूर्ण आधारको रुपमा उल्लेख गर्नु हुँदै उहाँले सूचनाले जवाफदेहिताको विकास गर्ने तथा पारदर्शी र जिम्मेवार बनाउने विचार राख्नुभयो। सूचनाको विकासले जनताको पैसा दुरुपयोग हुनबाट रोकिने र गलत कार्य निरुत्साहित हुने पनि उहाँले बताउनु भयो।

उक्त कार्यक्रममा राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बाँस्कोटा तथा आयुक्तहरु लगायतले सूचनाको हक सम्बन्धमा बैंकिङ क्षेत्रको दायित्वका विविध पक्षहरु बारे चर्चा गर्नुका साथै कार्यक्रममा सहभागीहरुबाट उठाइएका जिज्ञासाहरुलाई सम्बोधन गर्नु भएको थियो।




उहाँहरुले सूचना हरेक व्यक्तिको मौलिक अधिकारको रुपमा रहेको र प्रत्येक सार्वजनिक निकायले सूचना प्रदान गर्नु पर्ने दायित्व रहेको जानकारी गराउनु भएको थियो।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका विशिष्ट श्रेणीका लगायत अन्य अधिकृतहरु, बैंक तथा वित्तीय संस्थाका प्रमुखहरु र पत्रकारहरुको उपस्थिति रहेको थियो।

## डेपुटी गभर्नर शिवाकोटी ब्रुनाइमा




डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी मे २८ दखि जुन ४ सम्म Autoriti Monetari Brunei Darussalam (AMBD) ले आयोजना गरेको A Working Visit to Autoriti Monetari Brunei Darussalam (AMBD) to Review Payment Systems मा सहभागी हुनुभयो। Darussalam, Brunei को उक्त Visit मा भुक्तानी प्रणाली विभागका उपनिर्देशकहरु सत्येन्द्र तिमिल्सिना र कृष्णप्रसाद शर्मा तथा सहायक निर्देशकहरु सूचना प्रविधि विभागका रामनाथ पण्डित र बैंकिङ कार्यालयका नन्दुदेवी रेग्मी तिवारीको पनि सहभागिता रहेको थियो।

## डेपुटी गभर्नर श्रेष्ठ भारतमा



डेपुटी गभर्नर शिवराज श्रेष्ठ मे २६–२७ मा Reserve Bank of India ले Mumbai, India मा आयोजना गरेको 32nd SAARCFINANCE Group Meeting and the SAARCFINANCE Governors' Symposium र SAARC Central Banks' Chief Economists Meeting and Governors' Panel Discussions मा सहभागी हुनुभयो। उक्त कार्यक्रमहरुमा अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापा पनि सहभागी हुनुहुन्थ्यो।

## सञ्चालक पौड्याल अमेरिकामा



सञ्चालक समितिका सदस्य श्रीराम पौड्याल मे २३ देखि २७ सम्म SCB, USA ले New York, USA मा आयोजना गरेको Executive Level Meeting at SCB मा सहभागी हुनुभयो।

# गभर्नर डा. नेपालद्वारा एकीकृत कारोबारको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले जेठ १७ गते पोखरामा आयोजित एक कार्यक्रम बीच कैलाश विकास बैंक लिमिटेड, मेट्रो डेभलपमेन्ट बैंक लिमिटेड र नेपाल एक्सप्रेस फाइनान्स लिमिटेड एकापसमा मर्ज भई बनेको कैलाश विकास बैंक लिमिटेडको एकीकृत कारोबारको शुभारम्भ गर्नुभयो ।

उक्त कार्यक्रममा समुद्घाटन मन्तव्य राख्नु हुँदै गभर्नर डा. नेपालले अझै पनि बहुसंख्यक नेपाली वित्तीय पहुँचबाट पर रहेका कारण वित्तीय साक्षरताका लागि बैंक तथा वित्तीय संस्थालाई गाउँ गाउँमा पुग्न आग्रह गर्नुभयो । सर्वसाधारणलाई बैंक तथा वित्तीय संस्थाको महत्व बुझाई बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने अभियान चलाउनु पर्ने धारणा व्यक्त गर्दै उहाँले बचत र कर्जाको महत्व बुझेपछि मात्रै सर्वसाधारणले बैंकसँग कारोबार गर्ने बताउनु भयो ।



बैंक तथा वित्तीय संस्थाको विस्तारले व्यवसाय, उद्योगका लागि वित्तीय स्रोत उपलब्ध हुने र देशभित्र उद्यमशीलताको विकास भई देश नै समृद्धिको बाटोमा लाग्ने धारणा पनि उहाँले राख्नुभयो । विकसित मुलुकमा भन्दा हाम्रो जस्तो विकासोन्मुख मुलुकमा प्रशस्त अवसरहरु भएकाले बैंकको सहकार्यमा व्यवसाय सुरु गर्न उहाँले आग्रह गर्नुभयो ।

नेपाल राष्ट्र बैंकले वित्तीय क्षेत्रको स्थायित्व र सबलीकरणका लागि पुँजी वृद्धिको नीति ल्याएको उल्लेख गर्नु हुँदै उहाँले यसमा बैंक तथा वित्तीय संस्थाबाट देखाइएको सक्रियताको सराहना गर्नुभयो । संस्था ठुलो भइसकेपछि नयाँ नयाँ क्षेत्रमा लगानी विस्तार गर्न पनि सजिलो हुने उल्लेख गर्नुहुँदै गभर्नर डा. नेपालले देशको आर्थिक विकासमा बैंकहरुले महत्वपूर्ण योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो ।



गभर्नर डा. चिरंजीबि नेपालले बुटवलमा केन्द्रीय कार्यालय रहेको शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड र प्युठान जिल्ला कार्यक्षेत्र बनाएको गौमुखी विकास बैंक लिमिटेडको मर्जर पछिको एकीकृत कारोबारको जेठ २९ गते शुभारम्भ गर्नु भयो ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्नुहुदै गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाको उपस्थितिले स्थानीय जनतामा आय आर्जनको अवसरको सिर्जना गरी रोजगारी तथा आयस्तरमा वृद्धि हुने बताउनु भयो । उहाँले नेपालको शहरी क्षेत्रहरुमा बैंक तथा वित्तीय संस्थाहरुको शाखा विस्तार तथा उपस्थिति राम्रो रहेको भए पनि ग्रामीण क्षेत्रहरुमा अपेक्षाकृत रुपमा बैंक तथा वित्तीय संस्थाहरुको न्यून उपस्थितिको कारण अझै पनि धेरै नेपालीहरु वित्तीय पहुँचबाट बाहिर रहेकोले गरिबी न्यूनीकरणमा अपेक्षाकृत रुपमा सफलता हासिल हुन नसकेको बताउनु भयो ।

वित्तीय पहुँच बहुसंख्यक जनतामा पुग्नु भनेको बचत, लगानी तथा उत्पादन र रोजगारी बढ्नु हो भन्नु हुदै त्यसबाट जनताको आयस्तर बढ्ने विचार पनि उहाँले व्यक्त गर्नु भयो । नेपालका ग्रामीण क्षेत्रहरुमा साना कर्जाको उच्च माग रहेको बताउनु हुँदै गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाहरुले यी क्षेत्रहरुमा सुलभ कर्जा कार्यक्रम मार्फत आफ्नो उपस्थिति दर्शाउन आग्रह गर्नु भयो ।

नेपालको मध्यपश्चिम र सुदुरपश्चिमका ग्रामीण क्षेत्रहरुमा वित्तीय पहुँच अत्यन्त कम भएको अवस्थामा शाइन रेसुङ्गा डेभलपमेन्ट बैंकले त्यस क्षेत्रको आर्थिक विकासमा उच्च योगदान दिने विश्वास व्यक्त गर्दै गभर्नर डा. नेपालले बैंकहरुलाई अझ ग्रामीणमुखी भएर सेवा प्रदान गर्न आग्रह गर्नु भयो ।

साविकका इजाजतपत्रप्राप्त वित्तीय संस्थाहरु शाइन रेसुङ्गा डेभलपमेन्ट बैक लिमिटेड र गौमुखी विकास बैंक लिमिटेड एक आपसमा सम्पूर्ण सम्पत्ति तथा दायित्व सर्ने गरी गाभिई शाइन रेसुङ्गा डेभलपमेन्ट बैक लिमिटेड नामको “ख” वर्गको १० जिल्ला (रुपन्देही, अर्घाखाँची, नवलपरासी, पाल्पा, गुल्मी, कपिलवस्तु, दाङ्ग, प्युठान, वागलुङ्ग र चितवन) कार्यक्षेत्र रहेको इजाजतपत्रप्राप्त वित्तीय संस्था कायम भएको हो ।

# गभर्नर डा. नेपालद्वारा लघुवित्त वित्तीय संस्था लिमिटेडको समुद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले जेठ १ गते बुटवलमा केन्द्रीय कार्यालय रहेको नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेडको समुद्घाटन गर्नुभयो ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै गभर्नर डा. नेपालले देशको ग्रामीण विकास र गरिब जनतालाई सेवा पुऱ्याउने लक्ष्यको साथ खोलिएको सो संस्थाले न्यून आय भएका जनताको आर्थिक अवस्थामा सुधार ल्याउन योगदान पुग्ने विश्वास व्यक्त गर्नु भयो । वित्तीय पहुँच नपुगेको ग्रामीण क्षेत्रहरुमा आर्थिक क्रियाकलाप बढाई ग्रामीण क्षेत्रमा रोजगारीको सिर्जना गर्न, उनीहरुको आयस्तर बढाउन तथा आत्मनिर्भर बनाई देशलाई समृद्धिको दिशामा अगाडि बढाउन लघुवित्त वित्तीय संस्थाहरुको भूमिका महत्वपूर्ण रहेको बताउनु भयो । देशको कर्मठ युवाशक्ति रोजगारीको खोजीमा विदेश पलायन भइरहेको



उल्लेख गर्नु हुँदै गभर्नर डा. नेपालले देशको युवा जनशक्तिलाई लक्षित गरी कार्य गर्न बैंक तथा वित्तीय संस्थाहरुलाई आग्रह गर्नु भयो ।

न्यून आय भएका विपन्न परिवारका लागि लघुवित्त सेवा मार्फत गरिबी निवारणमा योगदान पुऱ्याउन निजी क्षेत्रबाट देखाइएका तत्परतालाई केन्द्रीय बैंकले उदारतापूर्वक लिएको गभर्नर डा. नेपालले बताउनु भयो । लघुवित्त सम्बन्धी कार्य गर्ने संस्थाले दिने सेवा अन्य बैंक तथा वित्तीय संस्थाले दिने सेवा भन्दा फरक हुने भएकोले यस्तो संस्था खोल्ने सञ्चालकहरुले छिटो प्रतिफल प्राप्त गर्ने अपेक्षा गर्न नहुने, सञ्चालकहरुमा Corporate Culture को राम्रो ज्ञान हुनु पर्ने र संस्थागत सुशासनमा ध्यान दिनुपर्ने कुरा पनि उहाँले औंल्याउनु भयो ।

लघुवित्त संस्थाहरुले प्रवाह गर्ने कर्जाको ब्याजदर उच्च रहेको भन्ने गुनासो आउने गरेको बताउनु हुदै गभर्नर डा. नेपालले लघुवित्त वित्तीय संस्थाहरुलाई Spread Rate लाई ध्यान दिएर कारोवार गर्न आग्रह गर्नु भयो । साथै, इजाजतपत्र प्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुले ऋणीहरुको हित तथा संस्थागत विकासमा खर्च गर्ने गरी ग्राहक संरक्षण कोष (Client Protection Fund) खडा गर्ने सम्बन्धी नीतिगत व्यवस्था गरिएको बताउनु हुदै उहाँले सो कोषबाट ऋणी र संस्था दुवैलाई फाइदा हुने कुरा बताउनु भयो ।

# मन्थलीमा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम

नेपाल राष्ट्र बैंकको गभर्नरको कार्यालयले जेठ ३० गते रामेछाप जिल्लाको मन्थलीस्थित मन्थली शहिद स्मृति क्याम्पसको सभागृहमा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम सफलतापूर्वक सम्पन्न गऱ्यो ।

गभर्नरको कार्यालय आयोजक र रामेछाप जिल्ला सहकारी संघ तथा YSP - Nepal (गैरसरकारी संस्था) सहआयोजक रहेको उक्त कार्यक्रममा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक हरिप्रसाद काफ्ले, निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ र सहायक निर्देशक सार्थक कार्की उपस्थित हुनुहुन्थ्यो ।

वित्तीय एवम् आर्थिक ज्ञान सानो उमेरदेखि नै आवश्यक हुन्छ भन्ने मान्यता बोकेको यस कार्यक्रममा मन्थलीका निलकण्ठेश्वर मा.वि. र नागकन्या मा.वि. का १७० जना विद्यार्थीहरु मुख्य श्रोता तथा सहभागी थिए भने जिल्लाका विभिन्न सहकारी, पत्रकार समाज र नागरिक समाजका सदस्यहरु समेत सहभागीका रुपमा उपस्थित थिए ।

कार्यक्रमको प्रमुख अथिति समेत रहनुभएका कार्यकारी निर्देशक हरिप्रसाद काफ्लेले सहभागीहरुलाई नेपाल राष्ट्र बैंकको स्थापना, इतिहास र बैंकले गर्ने मुख्य काम कारबाहीहरुको बारेमा जानकारी दिनुभयो र



विद्यार्थीहरुलाई कार्यक्रमबाट जति सक्दो धेरै कुरा सिक्न प्रोत्साहन समेत गर्नभयो ।

कार्यक्रमको मुख्य प्रस्तोता रहनु भएका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले राष्ट्रको वित्तीय प्रणाली, बचत, ऋण, बिमा, विप्रेषण लगायतका विषयहरुमा विद्यार्थीहरुलाई ज्ञान प्रदान गर्नुभयो र सहभागीहरुबाट आएका प्रश्नहरुको उत्तर दिनुभयो । उहाँले विद्यार्थीहरु बीच अन्तरक्रियात्मक रुपमा राख्नु भएको प्रस्तुति सहभागीमूलक तथा प्रभावकारी रहेको थियो । उक्त प्रस्तुतिमा सानै उमेरदेखि बचत गर्नको महत्व एवम् बचत गर्ने तरिका, ऋण, बिमा र विप्रेषणका सही सूत्रहरु, नोटलाई सफा राख्नुको महत्व र तरिका तथा औपचारिक बैंकिङ संजाल प्रयोग गर्ने बानीको महत्वका बारेमा विद्यार्थीहरुलाई जानकारी दिइएको थियो ।

कार्यक्रमको अन्त्यमा कार्यकारी निर्देशक हरिप्रसाद काफ्लेले विद्यालयको बाल क्लबलाई बैंकिङ ज्ञान सम्बन्धी प्रकाशनहरु- विद्यार्थीसँग नेपाल राष्ट्र बैंक, पैसाको बोट र NRB Then Now and Ahead हस्तान्तरण गर्नभयो । हस्तान्तरण गरिएका ती पुस्तकहरुले आउने दिनहरुमा विद्यालयका बाल क्लब मार्फत सयौं विद्यार्थीहरुको वित्तीय ज्ञान अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।

# एकीकृत निर्देशन सम्बन्धमा गोष्ठी

नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागले एकीकृत निर्देशन २०७२ लाई परिमार्जन गरी एकीकृत निर्देशन २०७३ को मस्यौदा तयार गर्ने सम्बन्धमा सरोकारवालाहरुको राय, सुझाव संकलनका लगि जेठ ३१ गते डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको प्रमुख आतिथ्यमा गोष्ठीको आयोजना गऱ्यो ।

सो गोष्ठीमा प्रमुख अतिथि तथा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले मन्तव्य राख्दै सरोकारवालाहरुसँग राय, सुझाव संकलनका लागि कार्यक्रम आयोजना गरेकोमा नियमन विभागलाई धन्यवाद दिनुभयो। उहाँले गोष्ठीमा उठेका जिज्ञासा एवम् सुझावले एकीकृत निर्देशन २०७३ तयार गर्न मात्र नभई मौद्रिक नीति तर्जुमा गर्न समेत सहयोग पुग्ने धारणा व्यक्त गर्नुभयो र यस प्रकारका गोष्ठीहरु थप सार्थक बनाउन सरोकारवालाहरुको उच्च सहभागिताको आशा पनि राख्नुभयो ।



बैंक तथा वित्तीय संस्थाका एसोसिएसनका प्रतिनिधिहरु, नेपाल राष्ट्र बैंकका निर्देशकहरु, निर्देशकहरु, तथा विभिन्न विभागका अधिकृतहरुको सहभागिता रहेको उक्त गोष्ठीमा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक शिवनाथ पाण्डेले गोष्ठीका अवधिमा उठेका जिज्ञासाहरुलाई सम्बोधन गर्नु भएको थियो । सोही विभागका निर्देशक उपेन्द्रकुमार पौड्यालले गोष्ठीको उद्देश्यहरु बारे प्रकाश पार्नु भएको थियो ।

सो गोष्ठीमा बैंकर्स एसोसिएसन, डेभेलपमेन्ट बैंकर्स एसोसिएसन तथा वित्त कम्पनी एसोसिएसनका प्रतिनिधिहरुले बैंक तथा वित्तीय क्षेत्रमा विद्यमान अवस्था, समस्या तथा चुनौतीहरुका बारेमा धारणा व्यक्त गर्दै सबै बैंक तथा वित्तीय संस्थाका तर्फबाट एकीकृत निर्देशन २०७३ मा समावेश गर्नुपर्ने विषयका बारेमा जिज्ञासा व्यक्त गर्नु भएको थियो ।



# एकीकृत कारोबार

साविकका इजाजतपत्रप्राप्त वित्तीय संस्थाहरु कैलाश विकास बैंक लिमिटेड, मेट्रो डेभलपमेन्ट बैक लिमिटेड र नेपाल एक्सप्रेस फाइनान्स लिमिटेड एक आपसमा सम्पूर्ण सम्पत्ति तथा दायित्व सर्ने गरी गाभिई जेठ १७ गतेदेखि "कैलाश विकास बैंक लिमिटेड" नामको "ख" वर्गको राष्ट्रियस्तरको इजाजतपत्रप्राप्त वित्तीय संस्था कायम भई साविकका तीनवटै संस्थाबाट सञ्चालन हुँदै आएको सम्पूर्ण वित्तीय कारोबार सो मितिदेखि "कैलाश विकास बैंक लिमिटेड" को नामबाट एकीकृत रुपमा सञ्चालन भएको छ ।

साविकका इजाजतपत्रप्राप्त वित्तीय संस्थाहरु कामना विकास बैक लिमिटेड र कास्की फाइनान्स लिमिटेड एक आपसमा सम्पूर्ण सम्पत्ति तथा दायित्व सर्ने गरी गाभिई असार ६ गतेदेखि "कामना विकास बैक लिमिटेड" नामको "ख" वर्गको राष्ट्रियस्तरको इजाजतपत्रप्राप्त वित्तीय संस्था कायम भई साविकका दुवै संस्थाबाट सञ्चालन हुँदै आएको सम्पूर्ण वित्तीय कारोबार सो मितिदेखि "कामना विकास बैक लिमिटेड" को नामबाट एकीकृत रुपमा सञ्चालन भएको छ ।

साविकका राष्ट्रिय स्तरका इजाजतपत्रप्राप्त वित्तीय संस्थाहरु "क" वर्गको सिद्धार्थ बैक लिमिटेड र "ख" वर्गको बिजनेश युनिभर्सल डेभलपमेण्ट बैंक लिमिटेड एक आपसमा सम्पूर्ण सम्पत्ति तथा दायित्व सर्ने गरी गाभिई असार ७ गतेदेखि "सिद्धार्थ बैंक लिमिटेड" नामको "क" वर्गको राष्ट्रियस्तरको इजाजतपत्रप्राप्त वित्तीय संस्था कायम भई साविकका दुईवटै संस्थाबाट सञ्चालन हुँदै आएको सम्पूर्ण वित्तीय कारोबार सो मितिदेखि "सिद्धार्थ बैंक लिमिटेड" को नामबाट एकीकृत रुपमा सञ्चालन भएको छ ।

## अन्तरक्रिया कार्यक्रम

वीरगञ्ज कार्यालयले बैशाख ३१ गत पर्सा जिल्लाका बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरुसँग समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । उक्त कार्यक्रममा वीरगञ्ज कार्यालयका निर्देशक धनन्जय शर्माले सहभागीहरुबाट उठाइएका जिज्ञासाहरुको सम्बोधन गर्नं हुँदै पर्सा जिल्लाको कर्जा तथा निक्षेपको अवस्था बारे चर्चा गर्नुभयो । वीरगञ्ज कार्यालयका उपनिर्देशक खेमराज पौडेलले सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्नभयो भने का. मु. उपनिर्देशक शिवप्रसाद घिमिरेले स्वागत मन्तव्य व्यक्त गर्नुभयो ।

सो कार्यक्रममा नेपाल राष्ट्र बैंक बीरगञ्जबाट बैंक तथा वित्तीय संस्थाहरुलाई प्रदान गरिएको सेवा, फण्ड व्यवस्थापन, सफा नोट नीतिको कार्यान्वयन तथा चेक क्लियरिङ्ग लगायतका विषयमा छलफल भएको थियो । कार्यक्रमको संचालन सहायक निर्देशक रमेशप्रसाद पराजुलीले गर्नु भएको थियो ।

## गभर्नर डा. नेपाल र World Bank का Director बीच भेटवार्ता



गभर्नर डा. चिरंजीबि नेपालसँग World Bank Group South Asia Region, Finance & Markets का Director, Sebastian Molineus को नेतृत्वमा आएको चार सदस्यीय टोलीले वैशाख ३० गते भेटवार्ता गऱ्यो ।

भेटघाटको क्रममा गभर्नर डा. नेपालले Mr. Molineus लाई नेपालको वर्तमान आर्थिक स्थिति र Financial Markets को पछिल्लो अवस्थाका बारेमा जानकारी दिनुभयो । सो अवसरमा गभर्नर डा. नेपालले २०७२ वैशाखको महाभूकम्प, त्यसपछि देशको दक्षिणी सीमाहरूमा भएको अवरोधको बाबजुद पनि नेपाल राष्ट्र बैंकले तरलता व्यवस्थापन र वित्तीय बजारको स्थायित्व कायम गर्न सफल रहेको जानकारी दिनुभयो ।

भेटवार्ताको क्रममा Nepal Financial Sector Development Strategy लगायत Restructuring and Consolidating of Financial System, Legal and Regulatory Framework for Crisis Management आदि विषयमा छलफल भएको थियो । सो अवसरमा डेपुटी गभर्नर शिवराज श्रेष्ठ र कार्यकारी निर्देशक शिवनाथ पाण्डेको पनि उपस्थिति रहेको थियो ।

## सरकारी कारोबार निर्देशिका २०७१ तथा RMIS विषयक अनुशिक्षण कार्यक्रम सम्पन्न

बैंकिङ कार्यालय, थापाथलीको आयोजनामा सरकारी कारोबार निर्देशिका २०७१ तथा Revenue Management Information System (RMIS) विषयक एक दिने अनुशिक्षण कार्यक्रम मिति जेठ २८ गते काठमाडौंमा सम्पन्न भयो ।

उक्त कार्यक्रममा बैंकिङ कार्यालयका कार्यकारी निर्देशक राजनविक्रम शाहले प्रमुख अतिथिको रुपमा मन्तव्य व्यक्त गर्दै सरकारी कारोबारलाई कर्मचारीहरुले देशको लागि कार्य गरेको सम्झी उच्च मनोबलका साथ सम्पादन गर्नुपर्ने धारणा राख्नु भयो । का. मु. निर्देशक विमलराज खनालले सहभागीहरुको स्वागत एवम् कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै शुद्ध र समयमै प्राप्त हुने तथ्याङ्कले सरकारी कारोबारको हिसाब मिलान तथा तथ्याङ्क प्रकाशनमा अहम भूमिका खेल्ने बताउनु भयो ।

दुई चरणमा विभाजित सो कार्यक्रमको प्रथम चरणमा महालेखा नियन्त्रक कार्यालयका उपमहालेखा नियन्त्रक यदुनाथ भट्टराईले "Revenue Management Information System (RMIS)" विषयमा र दोस्रो चरणमा बैंकिङ कार्यालयका सहायक निर्देशक सुजन खनालले "सरकारी कारोवार निर्देशिका २०७१" को बारेमा वार्ता प्रस्तुत गर्नुभयो । कार्यक्रमको समापन बैकिङ कार्यालयका उपनिर्देशक हरिप्रसाद अधिकारीले गर्नुभयो भने कार्यक्रमको सञ्चालन सहायक निर्देशक धनञ्जय पराजुलीले गर्नुभयो ।

सो कार्यक्रममा बागमती अञ्चलमा सरकारी कारोबार गर्ने राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, नेपाल बैंक लिमिटेड, कृषि विकास बैंक लिमिटेड, ग्लोबल आइएमइ बैक लिमिटेड, एभरेष्ट बैक लिमिटेड, सेञ्चुरी कमर्सियल बैक लिमिटेड, नेपाल बंगलादेश बैक लिमिटेड र एनएमबि बैक लिमिटेड तथा बैकिङ कार्यालय, थापाथलीका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

## वित्तीय साक्षरता तथा सचेतना कार्यक्रम

विराटनगर कार्यालयले जेठ १५ गते पाँचथरको ग्रामीण क्षेत्र अमरपुरमा वित्तीय साक्षरता सम्बन्धी सचेतना कार्यक्रम आयोजना गऱ्यो ।

सो कार्यक्रममा विराटनगर कार्यालयका निर्देशक रामु पौडेलले वित्तीय साक्षरता सम्बन्धी कार्यपत्र पेश गर्नुभयो । कार्यक्रमका प्रमुख अतिथि पौडेलले ग्रामीण क्षेत्रमा भौतिक पूर्वाधारको विकास, बजारको विकास, बैंक तथा वित्तीय संस्थाको पँहुच र उद्यमका विभिन्न संभावनाको वृद्धि सँगसँगै वित्तीय क्षेत्रका जोखिम न्यूनीकरणका लागि वित्तीय चेतनाको आवश्यकता र महत्व समेत बढेको प्रष्ट पार्नुभयो । उहाँले सहभागीहरुले उठाउनु भएका जिज्ञासाहरुलाई पनि सम्बोधन गर्नुभयो ।



उक्त कार्यक्रममा विराटनगर कार्यालयका सहायक निर्देशक रजनी श्रेष्ठले स्वागत मन्तव्य राख्नु भएको थियो । शिक्षक, विद्यार्थी, स्थानीय बुद्धिजीवी, व्यापारी, वित्तीय संस्थाका प्रतिनिधि, गैर सरकारी संस्था तथा सहकारी संस्थाका प्रतिनिधि लगायतको उपस्थिति रहेको सो कार्यक्रममा विराटनगर कार्यालयका सहायक उज्वल ढुंगानाले वित्तीय साक्षरता सम्बन्धी कविता वाचन गर्नुभएको थियो भने कार्यक्रमको संचालन सहायक नवदीप साहले गर्नुभएको थियो ।

## दरबन्दी मिलान

विभिन्न विभाग/कार्यालयहरुमा अतिरिक्त दरबन्दी अन्तर्गत कामकाजमा रहनु भएका उपनिर्देशकहरुको कार्यरत रहेकै विभाग/कार्यालयहरुमा दरबन्दी मिलान भएको छ ।

यसरी दरबन्दी मिलान भएका उपनिर्देशकहरुमा प्रेमप्रसाद न्यौपाने (मुद्रा व्यवस्थापन विभाग), राजेन्द्र भट्टराई (जनशक्ति व्यवस्थापन विभाग), भुवन बस्नेत (वित्त कम्पनी व्यवस्थापन विभाग), डा. रामशरण खरेल (अनुसन्धान विभाग), श्रृजना गौतम (बैंकिङ कार्यालय), दिनेशकुमार सिंह (वित्त कम्पनी सुपरिवेक्षण विभाग), श्रृजना बाँस्तोला (विराटनगर कार्यालय), इन्द्रा चम्लागाई (अनुसन्धान विभाग), सुमन नेउपाने (अनुसन्धान विभाग), नवीना ढकाल (वित्त व्यवस्थापन विभाग) र रञ्जना पण्डित (अनुसन्धान विभाग) हुनुहुन्छ ।

यसैगरी, उपनिर्देशक आर्या जोशी (अतिरिक्त दरबन्दी) को बैंक सुपरिवेक्षण विभागमा र उपनिर्देशक माधव दंगाल (अतिरिक्त दरबन्दी कामकाज जनशक्ति व्यवस्थापन विभाग) को अनुसन्धान विभागमा दरबन्दी मिलान भएको छ ।

## उपनिर्देशकहरुको सरुवा

उपनिर्देशकहरु विदेशी विनिमय व्यवस्थापन विभागका बलराम पौडेलको आन्तरिक लेखापरीक्षण विभागमा, वित्त व्यवस्थापन विभागका किशोरकुमार ढकालको संस्थागत योजना विभागमा, आन्तरिक लेखापरीक्षण विभागका आनन्द पौडेलको वित्तीय जानकारी एकाइमा, अनुसन्धान विभागका रोशनकुमार सिग्देलको वीरगञ्ज कार्यालयमा, बैंक तथा वित्तीय संस्था नियमन विभागका केशव थापाको जनशक्ति व्यवस्थापन विभागमा, विकास बैंक सुपरिवेक्षण विभागका हरिगोपाल अधिकारीको बैंक सुपरिवेक्षण विभाग र बैंकिङ कार्यालयका सुषमा रेग्मी (रिजाल) को बैंक सुपरिवेक्षण विभागमा सरुवा भएको छ ।

उपनिर्देशकहरु विदेशी विनिमय व्यवस्थापन विभागका दयाराम शर्माको वित्त व्यवस्थापन विभागमा, बैंक सुपरिवेक्षण विभागका हिमप्रसाद न्यौपानेको सामान्य सेवा विभागमा, वित्त व्यवस्थापन विभागका मुक्तिनाथ सापकोटाको विकास बैंक सुपरिवेक्षण विभागमा, वित्त व्यवस्थापन विभागका मीना पाण्डेको विदेशी विनिमय व्यवस्थापन विभागमा, कानुन महाशाखाका केशवबहादुर के. सी. को वीरगञ्ज कार्यालयमा, वित्त व्यवस्थापन विभागका शैलेन्द्र रेग्मीको नेपालगञ्ज कार्यालयमा र बैंकर्स प्रशिक्षण केन्द्रका निरा ताल्चाभडेलको कानुन महाशाखामा सरुवा भएको छ ।

उपनिर्देशकहरु नेपालगञ्ज कार्यालयका लक्ष्मीप्रसाद प्रसाईको सामान्य सेवा विभागमा, जनशक्ति व्यवस्थापन विभागका राजनकृष्ण पन्तको अनुसन्धान विभागमा, वीरगञ्ज कार्यालयका खेमराज पौडेलको बैंकिङ कार्यालयमा, बैंक सुपरिवेक्षण विभागका रमेश आचार्यको धनगढी कार्यालयमा, समस्याग्रस्त संस्था रिजोलुसन महाशाखाका सुदिप फुँयालको बैंक सुपरिवेक्षण विभागमा, अनुसन्धान विभागका विज्ञानराज सुवेदीको सिद्धार्थनगर कार्यालयमा र वित्त कम्पनी सुपरिवेक्षण विभागका रत्नेश्वरलाल कर्णको लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा सरुवा भएको छ ।

उपनिर्देशकहरु वित्त कम्पनी सुपरिवेक्षण विभागका निश्चल अधिकारीको बैंक तथा वित्तीय संस्था नियमन विभागमा, बैंक सुपरिवेक्षण विभागका वासुदेव भट्टराईको जनकपुर कार्यालयमा, नेपालगञ्ज कार्यालयका अशोक घिमिरेको बैंक तथा वित्तीय संस्था नियमन विभागमा, सिद्धार्थनगर कार्यालयका शरणकुमार अधिकारीको वित्तीय जानकारी एकाइमा, विकास बैंक सुपरिवेक्षण विभागका मनोहर बस्नेतको विराटनगर कार्यालयमा र बैंक सुपरिवेक्षण विभागका गिरिजाप्रसाद कोइरालाको सामान्य सेवा विभागमा सरुवा भएको छ ।

यसैगरी, उपनिर्देशकहरु सामान्य सेवा विभागका इन्द्रप्रसाद अधिकारीको पोखरा कार्यालय (कामकाज) मा, वित्तीय जानकारी एकाइका प्रदिप भट्टराईको वीरगञ्ज कार्यालयमा, विदेशी विनिमय व्यवस्थापन विभागका सुवाश आचार्यको सिद्धार्थनगर कार्यालयमा, बैंकिङ कार्यालयका सत्येन्द्रराज सुवेदीको बैंक सुपरिवेक्षण विभागमा, आन्तरिक लेखापरीक्षण विभागका हरिप्रसाद पौडेलको लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा र बैंक तथा वित्तीय संस्था नियमन विभागका पुष्पा अधिकारीको वित्त व्यवस्थापन विभागमा सरुवा भएको छ ।

## पदस्थापन

उपनिर्देशकहरु विकास बैंक सुपरिवेक्षण विभागका दिवाकर पोखरेलको राष्ट्रऋण व्यवस्थापन विभागमा, मुद्रा व्यवस्थापन विभागका विष्णुप्रसाद खनालको बैंकर्स प्रशिक्षण केन्द्रमा, मुद्रा व्यवस्थापन विभागका शशिधर अर्यालको जनशक्ति व्यवस्थापन विभाग (कामकाज) मा, बैंक सुपरिवेक्षण विभागका बाबुराम आचार्यको आन्तरिक लेखापरीक्षण विभागमा, बैंक तथा वित्तीय संस्था नियमन विभागका दिनेशरत्न स्थापितको विकास बैंक सुपरिवेक्षण विभागमा, विकास बैंक सुपरिवेक्षण विभागका पूर्णबहादुर महर्जनको नेपालगञ्ज कार्यालयमा र टक्सार महाशाखाका सुदर्शन ढुंगानाको विदेशी विनिमय व्यवस्थापन विभागमा पदस्थापन भएको छ ।

उपनिर्देशकहरु विकास बैंक सुपरिवेक्षण विभागका राजेन्द्र पौडेल, बैंक सुपरिवेक्षण विभागका प्रद्युम्नकुमार खनाल, वित्तीय जानकारी एकाइका दीपककुमार उप्रेती, बैंकिङ कार्यालयका चन्देश्वर श्रेष्ठ, विदेशी विनिमय व्यवस्थापन विभागका जितबहादुर महरा र राष्ट्र ऋण व्यवस्थापन विभागका प्रभामैयाँ न्यौपाने (खनाल) को कार्यरत रहेकै विभाग/कार्यालय/एकाइमा पदस्थापन भएको छ ।

## बढुवा

प्रशासन सेवातर्फ रिक्त रहेको सहायक निर्देशक (अधिकृत तृतीय) पद संख्या ७ मूल्यांकन बढुवाद्वारा पूर्ति गरिएको छ ।

यस अनुसार प्रधान सहायकहरु विराटनगर कार्यालयका नन्दकुमारी रिजाल (न्यौपाने) र राधिका गुरागाईं, बैंकिङ कार्यालयका तेजबहादुर गिरी तथा मुद्रा व्यवस्थापन विभागका बाबुराम गिरी, जगन्नाथ सुवेदी र टीकाप्रसाद चौलागाईं सहायक निर्देशक (अधिकृत तृतीय) पदमा बढुवा हुनु भएको छ । सामान्य सेवा विभागका प्रधान सहायक सृजना रेग्मी आरक्षण तर्फबाट सहायक निर्देशक (अधिकृत तृतीय) पदमा बढुवा हुनु भएको छ ।

बढुवा हुनु भएका सबैलाई समाचार हार्दिक बधाई ज्ञापन गर्दछ ।

## अवकाश

उपनिर्देशकहरु विराटनगर कार्यालयका दयाराम भट्टराई, सामान्य सेवा विभागका बैकुण्ठप्रसाद सिग्देल, बैंक सुपरिवेक्षण विभागका चिरञ्जीवी गुरागाईं, वित्त कम्पनी सुपरिवेक्षण विभागका दीपक सापकोटा, अनुसन्धान विभागका सञ्जयकुमार गौतम, सिद्धार्थनगर कार्यालयका शिवहरि अर्याल र वीरगञ्ज कार्यालयका शम्भुकुमार श्रेष्ठले बैंक सेवाबाट अवकाश पाउनु भएको छ । उहाँहरु मध्ये उपनिर्देशक भट्टराई ५८ वर्षको उमेर हदका कारण र अन्य सबै जना ३० वर्षको सेवा अवधिका कारण अवकाश हुनु भएको हो ।

यसैगरी, सहायक निर्देशकहरु मुद्रा व्यवस्थापन विभागका विनयप्रसाद अर्याल, बैंकिङ कार्यालयका चिरञ्जीवी शाह, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका रामशरण मैनाली, मुद्रा व्यवस्थापन विभागका सोमराजप्रसाद दाहाल र बैंकिङ कार्यालयका मधुसुदनप्रसाद थपलियाले पनि बैंक सेवाबाट अवकाश पाउनु भएको छ । उहाँहरु सबै जना ३० वर्षको सेवा अवधिका कारण अवकाश हुनु भएको हो ।

# कार्यकारी निर्देशक तथा निर्देशकहरु अन्तर्राष्ट्रिय कार्यक्रममा

विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौला IMF ले Washington D. C., USA मा मे १६ देखि १८ मा आयोजना गरेको High Level Seminar on Law and Financial Stability मा सहभागी हुनुभयो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक विनोद आत्रेय UNCDF ले Kuala Lumpur, Malaysia मा मे २३ देखि २७ मा आयोजना गरेको A Financial Inclusion Strategy & Data Program मा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका निर्देशक बमबहादुर मिश्र Bank for International Settlement (BIS) ले Lucerne, Switzerland मा मे १६ देखि २० सम्म आयोजना गरेको Seminar on Asset Management मा सहभागी हुनुभयो ।

राष्ट्र ऋण व्यवस्थापन विभागका निर्देशक भुवन कँडेल De Nederlandsche Bank ले मे २४ देखि २७ सम्म Amsterdam, Netharlands मा आयोजना गरेको Auditing Special Objects मा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका निर्देशक झलक शर्मा आचार्य FSI-EMEAP ले Hongkong, China मा मे २४ देखि २६ सम्म आयोजना गरेको FSI-EMEAP Regional Seminar on the Regulation and Supervision of Market Risk and Interest Rate Risk in the Banking Book मा सहभागी हुनुभयो । उपनिर्देशकहरु वित्त कम्पनी सुपरिवेक्षण विभागका भुवन बस्नेत र विकास बैंक सुपरिवेक्षण विभागका विष्णुमणि गौतमको पनि सो सेमिनारमा सहभागिता रहेको थियो ।

अनुसन्धान विभागका निर्देशक प्रदीपराज पौड्याल DEUTSCHE BUNDESBANK ले Frankfurt, Germany मा जुन १३ देखि १७ सम्म आयोजना गरेको Workshop on Financial Stability, Systemic Risk and Macroprudential Policy मा सहभागी हुनुभयो ।

राष्ट्रऋण व्यवस्थापन विभागका निर्देशक सीता घिमिरे The World Bank Group ले जुन १३ देखि १७ सम्म Kuala Lumpur, Malaysia मा आयोजना गरेको Fiscal and Debt Management Workshop मा सहभागी हुनुभयो । सोही विभागका उपनिर्देशक प्रभामैयाँ न्यौपाने (खनाल) को पनि सो Workshop मा सहभागिता रहेको थियो ।

वीरगञ्ज कार्यालयका निर्देशक धनञ्जय शर्मा Indonesia Financial Services Authority (FSA) and Organization for Economic Co-operation and Development (OECD) ले Jakarta, Indonesia मा जुन १–२ मा आयोजना गरेको High Level Regional Seminar on Empowering MSMEs Through Financial Literacy and Inclusion मा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका का.मु. निर्देशक अशोककुमार पौडेल FSI-BIS ले मे ३१ देखि जुन २ सम्म Basel, Switzerland मा आयोजना गरेको FSI Seminar on Financial Stability and Stress Testing मा सहभागी हुनुभयो ।

बैंकिङ कार्यालयका का. मु. निर्देशक विनिता विष्ट State Bank of Pakistan ले Pakistan मा मे १६ देखि १८ मा आयोजना गरेको SAARCFINANCE Seminar on Payment Systems and Correspondent Banking in the SAARC Region मा सहभागी हुनुभयो । भुक्तानी प्रणाली विभागका सहायक निर्देशक शिव रेग्मीको पनि सो कार्यक्रममा सहभागिता रहेको थियो ।

# अन्तर्राष्ट्रिय कार्यक्रमहरुमा सहभागिता

विदेशी विनिमय व्यवस्थापन विभागका उपनिर्देशक प्रकाशचन्द्र भट्टराई, बैंकिङ कार्यालयका उपनिर्देशक हरिप्रसाद अधिकारी र विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक जीवनराज त्रिपाठी The SEACEN Centre ले Chinese Taipei मा मे १५ देखि २० सम्म आयोजना गरेको 11th SEACEN Intermedite Course on Payment and Settlement Systems मा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका उपनिर्देशक नारायणप्रसाद पोखरेल Swiss National Bank, Study Centre Gerzensee ले Switzerland मा मे १६ देखि जुन २ सम्म आयोजना गरेको Monetary Policy in Developing Countries विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उपनिर्देशक दीपक के. सी. ADB ले Manila, Philippines मा मे २४–२५ मा आयोजना गरेको Financial Inclusion in the Digital Economy विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

सूचना प्रविधि विभागका उपनिर्देशक (सू.प्र) सौरभदास मानन्धर, पोखरा कार्यालयका सहायक निर्देशकहरु ऋतुनाथ लम्साल र भोलाप्रसाद पराजुली तथा मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशकहरु रविन्द्र स्थापित, सम्राट रुपाखेती, नवीनविक्रम शाह र केशव महर्जन Bangko Sentral ng Pilipinas ले मे २३ देखि २७ सम्म Manila, Philippines मा आयोजना गरेको Human Resource Information System for NRB delegates विषयक कार्यक्रममा सहभागी हुनुभयो । सो कार्यक्रममा सहायक निर्देशकहरु धनगढी कार्यालयका तीर्थराज ओझा, जनकपुर कार्यालयका चन्द्रमणि निरौला तथा विराटनगर कार्यालयका लक्ष्मीप्रसाद तिमिल्सिना, जिष्णुप्रसाद बराल र शंकर वस्तीको पनि सहभागिता रहेको थियो । त्यसैगरी, सहायक निर्देशकहरु वीरगञ्ज कार्यालयका सागरचन्द्र गौतम र कृष्णकुमार श्रेष्ठ लगायत जनशक्ति व्यवस्थापन विभागका राजेशकुमार उदास र पुनीता मण्डल, बैंकर्स प्रशिक्षण केन्द्रका हरिकुमार कार्की, वित्त व्यवस्थापन विभागका राजेन्द्रप्रसाद रिजाल तथा बैंकिङ कार्यालयका नर्वदा राउत धमला र बलराम सत्याल पनि उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

अनुसन्धान विभागका उपनिर्देशक रामशरण खरेल Istanbul School of Central Banking ले Istanbul, Turkey मा मे २६ देखि २९ मा आयोजना गरेको Monetary Policy Workshop मा सहभागी हुनुभयो ।

विराटनगर कार्यालयका उपनिर्देशक सिर्जना बाँस्तोला, सहायक निर्देशकहरु मुद्रा व्यवस्थापन विभागका रविन्द्रप्रसाद सापकोटा तथा बैंकिङ कार्यालयका बेगराज पौडेल र शारदा कार्की CBSL ले Colombo, Sri Lanka मा जुन ९ देखि ११ मा आयोजना गरेको Preparation and Submission of Statutory Returns for Banks विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

सामान्य सेवा विभागका उपनिर्देशक गुरुप्रसाद पौडेल, सहायक निर्देशकहरु जनशक्ति व्यवस्थापन विभागका लुमाकान्त भट्टराई, आन्तरिक लेखापरीक्षण विभागका भगवती अधिकारी चापागाईं र संस्थागत योजना विभागका स्वेच्छा शाक्य The SEACEN Centre ले Ulaanbaatar, Mangolia मा जुन १२ देखि १७ सम्म आयोजना गरेको SEACEN Intermediate Leadership Course Theme: Integrative Leadership in Central Banking मा सहभागी हुनुभयो ।

गभर्नरको कार्यालयका उपनिर्देशक माधवराम डंगोल, सहायक निर्देशकहरु पोखरा कार्यालयका खिमबहादुर थापा, बैंकिङ कार्यालयका गोविन्द कार्की र विराटनगर कार्यालयका विनोद पोखरेल Reserve Bank Staff College, Reserve Bank of India ले जुन १३ देखि १७ सम्म Chennai, India मा आयोजना गरेको 14th Programme for the Secretariat of Banking Ombudsman मा सहभागी हुनुभयो ।

सहायक निर्देशकहरु विकास बैंक सुपरिवेक्षण विभागका हरिप्रसाद रेग्मी र वित्त कम्पनी सुपरिवेक्षण विभागका रविप्रकाश मजगैयाँ Monetary Authority of Singapore (MAS) ले Singapore मा मे १५ देखि २० सम्म आयोजना गरेको 22nd MAS Banking Supervisors' Training Program मा सहभागी हुनुभयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशकहरु सुदिपकुमार न्यौपाने र भरतदेव पाण्डे DEUTSCHE BUNDESBANK ले Singapore मा मे १८ देखि २० सम्म आयोजना गरेको Workshop on Asia Reserve Managers Exchange मा सहभागी हुनुभयो ।

सहायक निर्देशकहरु वित्तीय जानकारी एकाइका रामशरण पोखरेल, कानुन महाशाखाका नवराज गौतम र वित्त कम्पनी सुपरिवेक्षण विभागका सविन थापा Asia/Pacific Group on Money Laundering (APG) ले Macau, China मा मे २३ देखि २७ सम्म आयोजना गरेको APG Assessor Training Workshop मा सहभागी हुनुभयो ।

सहायक निर्देशकहरु विराटनगर कार्यालयका अच्युतकुमार थापा, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उमाकान्त थपलिया र पोखरा कार्यालयका ज्ञाज शर्मा Bank Negara Malaysia (BNM) & Alliance for Financial Inclusion (AFI) ले Kuala Lumpur, Malaysia मा मे २३ देखि २७ सम्म Sasana Kijang, Kuala Lumpur मा आयोजना गरेको Financial Inclusion Strategy & Data Programme मा सहभागी हुनुभयो ।

सहायक निर्देशकहरु बैंक सुपरिवेक्षण विभागका इमेश पौडेल, विकास बैंक सुपरिवेक्षण विभागका रामकाजी खाइजु, बैंक तथा वित्तीय संस्था नियमन विभागका केशवप्रसाद रिमाल र लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका लेखनाथ दाहाल The SEACEN Centre ले Kuala Lumpur, Malaysia मा जुन ५ देखि १० सम्म आयोजना गरेको SEACEN-

क्रमशः ११ पेजमा

१० पेजको बाँकी

Toronto Centre Course on Risk Based Supervision मा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका सहायक निर्देशक बद्रीनाथ नेपाल IMF ले Washington DC, USA मा जुन ६ देखि १० सम्म आयोजना गरेको Course on Macroprudential Policies (MPP) HQ 16.07 मा सहभागी हुनुभयो ।

जनशक्ति व्यवस्थापन विभागका सहायक निर्देशक मधुसुदन दवाडी र विकास बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक राजु श्रेष्ठ CICTAB ले Pune, India मा जुन ६ देखि १० सम्म आयोजना गरेको International Programme on Good Governance for the Board of Directors of Cooperative and Rural Financing मा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका सहायक निर्देशक मीना कुँवर कालिकोटे IMF ले Washington DC, USA जुन ६ देखि जुलाइ १ सम्म आयोजना गर्ने Course on Government Finance Statistics (GFS) HQ 16.08 मा सहभागी हुन त्यसतर्फ प्रस्थान गर्नुभयो ।

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

(आर्थिक वर्ष २०७२/७३ को दश महिनाको तथ्याङ्कमा आधारित)

## आर्थिक परिदृश्य

चालु आर्थिक वर्ष २०७२/७३ को प्रथम दश महिनासम्मको तथ्याङ्कलाई विश्लेषण गर्दा मुलुकको आर्थिक परिदृश्यमा क्रमिक सुधार हुँदै आएको देखिन्छ। मुलुकको दक्षिणी भन्सार नाकाहरूमा भएको अवरोध हटेसँगै बैंक तथा वित्तीय संस्थाहरूको कर्जा प्रवाह, सरकारी राजस्व सङ्कलन एवम् पुँजीगत खर्चमा भएको वृद्धिबाट आर्थिक क्रियाकलाप सुधारोन्मुख रहेको विश्वास गर्न सकिन्छ ।

चालू आर्थिक वर्षमा उत्पादकको मूल्यमा आर्थिक वृद्धिदर ०.५६ प्रतिशतमात्र रहने परिप्रेक्ष्यमा पछिल्लो समयमा निर्माणजन्य लगायत अन्य आर्थिक गतिविधिमा देखिएको सुधारले आगामी आर्थिक वर्षको लागि तय गरिएको ६.५ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य प्राप्ति त्यति चुनौतीपूर्ण नरहने देखिन्छ ।

आयातमा कमी आएको भए तापनि राजस्व सङ्कलनको साप्ताहिक विवरणलाई आधार मान्दा चालू आर्थिक वर्षको लागि लक्षित रु. ४७५ अर्ब भन्दा बढी राजस्व सङ्कलन हुने देखिन्छ। बाह्य क्षेत्रतर्फ निजी क्षेत्रको विप्रेषण आप्रवाह वृद्धिदर निरन्तर घट्दै गएको छ । यसले आगामी दिनमा वाह्य क्षेत्र स्थायित्वमा चुनौती थपिने आशङ्का पैदा भएको छ ।

## मुद्रास्फीति

२०७३ वैशाख महिनामा उपभोक्ता मुद्रास्फीति १० प्रतिशत पुगेको छ । वार्षिक बिन्दुगत आधारमा २०७३ वैशाखमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क वृद्धिदर ९.६ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क वृद्धिदर १०.४ प्रतिशत रहेको छ । दलहन तथा गेडागुडीको मूल्य सबैभन्दा बढी २३.४ प्रतिशत र तरकारीको मूल्य २०.१ प्रतिशतले बढेको छ। लत्ता कपडा तथा जुत्ता, घरायसी सामान तथा सेवा र मदिराजन्य पेय पदार्थको मूल्यमा क्रमशः १७ प्रतिशत, १६.४ प्रतिशत र १५.९ प्रतिशतले वृद्धि भएको छ । क्षेत्रगत आधारमा उपभोक्ता मुद्रास्फीति काठमाडौं उपत्यकामा ११.५ प्रतिशत, पहाडमा ११ प्रतिशत, हिमालमा ९.१ प्रतिशत र तराईमा ८.६ प्रतिशत रहेको छ ।

आर्थिक वर्ष २०७२/७३ को वैशाख महिनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति दर ५.८ प्रतिशत रहेको छ । थोक मूल्यअन्तर्गत कृषिजन्य वस्तुहरूको मूल्य सूचकाङ्क ९.६ प्रतिशतले र स्वदेशमा उत्पादित वस्तुहरूको मूल्य सूचकाङ्क ६ प्रतिशतले वृद्धि भएको छ भने आयातित वस्तुहरूको मूल्य सूचकाङ्क २.८ प्रतिशतले घटेको छ ।

## वैदेशिक व्यापार

आर्थिक बर्ष २०७२/७३ को दश महिनामा कुल वस्तु निर्यात २१.७ प्रतिशतले ह्रास आई रु. ५५ अर्ब ६० करोडमा सीमित भएको छ । भारततर्फ ३३.४ प्रतिशत र चीनतर्फ ३५.६ प्रतिशतले गिरावट आएको निर्यात अन्य मुलुकतर्फ भने ४.१ प्रतिशतले बढेको छ। कुल वस्तु आयात ४.६ प्रतिशतले घटेर रु. ५९९ अर्ब ३६ करोड पुगेको छ । चीनबाट भएको आयात ९.५ प्रतिशतले बढेको छ भने भारत र अन्य मुलुकबाट भएको आयात क्रमशः ७.८ प्रतिशत र ४.१ प्रतिशतले घटेको छ । कुल वस्तु व्यापार घाटा २.४ प्रतिशतले घटी रु. ५४३ अर्ब ७६ करोडमा सीमित भएको छ । निर्यात-आयात अनुपात ९.३ प्रतिशत रहेको छ ।

## विदेशी विनिमय सञ्चिति र पर्याप्तता सूचकहरू

कुल विदेशी विनिमय सञ्चिति २०७३ वैशाख मसान्तमा रु. १०१३ अर्ब ४४ करोड पुगेको छ। कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति रु. ८७० अर्ब ९९ करोड पुगेको छ। बैंक तथा वित्तीय संस्थाहरू (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति रु. १४२ अर्ब ४५ करोड पुगेको छ । कुल सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २२.५ प्रतिशत रहेको छ ।

आर्थिक वर्ष २०७२/७३ को दश महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १७.३ महिनाको वस्तु आयात र १४.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन आर्थिक वर्ष २०७१/७२ को संशोधित अनुमान र २०७२/७३ को प्रारम्भिक अनुमानमा आधारित कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ४५.१ प्रतिशत, १२२ प्रतिशत र ४८.१ प्रतिशत रहेका छन् ।

## सरकारी बजेट, खर्च र राजस्व

आर्थिक वर्ष २०७२/७३ को दश महिनामा नगद प्रवाहमा आधारित सरकारी बजेट रु. ६४ अर्ब ८२ करोडले बचतमा रहेको छ ।

समीक्षा अवधिमा नगद प्रवाहमा आधारित

बाँकी अन्तिम पृष्ठमा

पेज ११ को बाँकी...

कुल सरकारी खर्च ८ प्रतिशतले बढी रु. ३३३ अर्ब १४ करोड पुगेको छ । यो रकम बजेट अनुमान रु. ८१९ अर्ब ४७ करोडको ४०.७ प्रतिशत हुन आउँछ । चालू खर्च ८.२ प्रतिशतले वृद्धि भई रु. २४० अर्ब ९९ करोड पुगेको छ । पुँजीगत खर्च १८.८ प्रतिशतले वृद्धि भई रु. ४२ अर्ब ९९ करोड पुगेको छ । पुँजीगत खर्च बजेट अनुमान रु. २०८ अर्ब ८८ करोडको २०.६ प्रतिशत मात्र हुन आउँछ ।

समीक्षा अवधिमा नेपाल सरकारको राजस्व सङ्कलन ११.९ प्रतिशतले वृद्धि भई रु. ३५० अर्ब २७ करोडमा पुगेको छ ।

## निक्षेप सङ्कलन र कर्जा प्रवाह

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ११.९ प्रतिशतले बढेको छ । वाणिज्य बैंक र विकास बैंकहरूको निक्षेप क्रमशः १२ प्रतिशत र ७.३ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा २०७३ वैशाख मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १९.५ प्रतिशतले बढेको छ ।

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १६.२ प्रतिशतले बढेको छ । निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूको कर्जा प्रवाह क्रमशः १७.६ प्रतिशत, १२.९ प्रतिशत र ३.२ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा २०७३ वैशाख मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा २१.१ प्रतिशतले बढेको छ ।

समीक्षा अवधिमा कृषि क्षेत्रतर्फको कर्जा १३.६ प्रतिशत, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा १२.५ प्रतिशत, निर्माण क्षेत्रतर्फको कर्जा १२.३ प्रतिशत, सेवा उद्योगतर्फको कर्जा १०.९ पतिशत, थोक तथा खुद्रा व्यापारतर्फको कर्जा १८ प्रतिशत र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा २७.५ प्रतिशतले बढेको छ ।

## तरलता व्यवस्थापन

आर्थिक वर्ष २०७२/७३ को दश महिनासम्ममा नेपाल राष्ट्र बैंकले रु. ४७७ अर्ब ५५ करोड तरलता प्रशोचन गरेको छ । यसमध्ये, पटक-पटक गरी निक्षेप बोलकबोल मार्फत रु. २९७ अर्ब ५० करोड, रिभर्स रिपो मार्फत (टर्नओभरको आधारमा) रु. १७० अर्ब ९५ करोड तथा सोझै बिक्री बोल-कबोल मार्फत रु. ९ अर्ब १० करोड तरलता प्रशोचन भएको छ ।

आर्थिक वर्ष २०७२/७३ को दश महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर ३ अर्ब ७१ करोड खुद खरिद गरी रु. ३९२ अर्ब २५ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । समीक्षा अवधिमा अमेरिकी डलर २ अर्ब ८० करोड र यूरो ११ करोड बिक्री गरी रु. ३०८ अर्ब ४४ करोड बराबरको भा.रु. खरिद भएको छ ।

p4/0f **कारोबार दैनिक** १९ जेठ २०७३ सम्पादकीय

## व्यापारघाटा कम गर्ने विकल्प

चालु आर्थिक वर्षको पहिलो १० महिनासम्म व्यापारघाटा ५ खर्ब ४४ अर्ब ४१ करोड रुपैयाँ पुगेको छ। व्यापारघाटा बढ्नुको अर्थ हो, वस्तु आयातको तुलनामा निर्यात कम हुनु। आर्थिक वर्ष ०७१/७२ मा व्यापारघाटा ६ खर्ब ९७ अर्ब, ०७०/७१ मा ६ खर्ब ३१ अर्ब, २०६९/७० मा ५ खर्ब २३ अर्ब थियो। यसले पनि वर्सेनि व्यापारघाटा उच्च दरमा बढ्दै गएको देखाउँछ।

पेट्रोलियम पदार्थदेखि प्रायः सबैजसो विद्युतीय मेसिन तथा उपकरण, फलामजन्य तथा स्टिलजन्य वस्तु, मेसिनरी र सवारी साधनका अतिरिक्त वर्सेनि अर्बौं रुपैयाँको खाद्यान्न आयात हाम्रो बाध्यता बनेको छ। व्यापारघाटा मुलुकभित्र सिर्जित कुनै एउटा कारणले वृद्धि भएको होइन। तर, यस्तो हुनुमा राष्ट्रिय उत्पादन कमजोर हुँदै गएको भने स्पष्ट छ। अब हामीजस्तो आत्मनिर्भर, स्वाधीन अर्थतन्त्र भनिएको मुलुकमा आन्तरिक उत्पादन घट्दै जानु दुर्भाग्यपूर्ण विषय हो।

व्यापारघाटा कम गर्ने दुई विकल्प आयात कम गर्ने वा निर्यात बढाउने हुन्। तर, हामी दुवै विकल्पमा असफल भएका छौं। एकातिर वर्सेनि आयातको हिस्सा बढेको बढ्यै छ भने अर्कातिर निर्यात निरुत्साहित हुँदैछ। हामीले अतिकम विकसित मुलुकका हिसाबले अन्तर्राष्ट्रिय बजारमा विभिन्न सुविधा पाएका छौं। तर, अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको उत्पादन हुन सकेको छैन भने पूर्ति क्षमता विस्तारित हुन सकेको छैन। विश्वमा अहिले एउटै सेवा सबै क्षेत्रमा पाइँदैन भने एउटै वस्तु सबै ठाउँमा उत्पादन हुँदैन। त्यसैले सेवा तथा वस्तु जहाँ सस्तो हुन्छ त्यहीँबाट आयात गरी उपयोग गर्नु राम्रो मानिन्छ। त्यसैले अहिलेको परिप्रेक्ष्यमा नेपालजस्तो मुलुकमा तत्कालका लागि पेट्रोलियम पदार्थ, ठूला मेसिनरी तथा कारखानामा प्रयोग हुने केही कच्चापदार्थमा आयातको विकल्प छैन, तर कृषिजन्य र अन्य प्रकृतिका वस्तुहरूलाई सकेसम्म आफैं उत्पादन गर्ने, आन्तरिक उत्पादनलाई उपभोगमा प्रोत्साहन गर्ने र निर्यातका लागि योग्य वस्तु उत्पादन गर्ने दिशामा हाम्रो जोड हुनुपर्छ। यसका लागि कृषिसँग सम्बन्धित उत्पादनलाई विविधीकरण गर्नु हाम्रो दायित्व हो। कृषिजन्य (चामल, मासु, तरकारी तथा फलफूल, दूध आदि) वस्तुको आयात मात्र रोक्न सके पनि मुलुकको व्यापारघाटा कम गर्न ठूलो भूमिका खेल्छ। त्यसका लागि ज्ञान, मेसिन, प्रविधि प्रयोग गरेर ठूलो स्केलमा कृषिजन्य उत्पादन गर्न प्रेरित गर्नुपर्छ। परम्परागत प्रविधिलाई कायम राखेर र वैकल्पिक लाभ नहेरीकन कृषि प्रणाली अपनाउँदा अहिलेको समस्या देखिएको हो।

आगामी वर्षको बजेटमा जग्गा बाँझो राख्न नपाइने र बाँझो जग्गा भए २५ प्रतिशत जरिवाना लगाइने विषयले जग्गाको उपयोगलाई ध्यान दिन खोजेको देखिन्छ। त्यसैगरी बजेटले कृषिक्षेत्रमा पनि धेरै क्षेत्रमा अनुदान दिएर उत्पादनलाई प्रोत्साहन गर्न खोजेको छ। व्यापारघाटाको समस्या मुलुकको रोजगारी सिर्जनासँग पनि जोडिएको छ। मुलुकभित्र रोजगारी नभएकै कारणले ३० लाख मानिस वैदेशिक रोजगारीमा छन्। शिक्षित, अर्धशिक्षित र अशिक्षित सबै खालका मानिस मुलुक छोडेर हिँडिरहेका छन्। कृषिलाई मर्यादित पेसाका रूपमा अंगीकार गरी युवा संलग्न नभएसम्म आन्तरिक उत्पादन बढाउन कठिन हुन्छ। कृषिजन्य उत्पादन वृद्धि हुँदै गएपछि कृषिमा व्यवसायीकरण हुन्छ भने त्यसैबाट औद्योगिक विकासको ढोका खुल्छ। त्यसका लागि ठूलो जनसंख्या कृषिमै हुनुपर्छ भन्ने छैन, तर कृषिप्रति प्रतिबद्ध किसानको आवश्यकता भने हुन्छ। निर्यातका लागि अहिले ३३ वस्तुमा नगद प्रोत्साहनको व्यवस्था छ। तर, उत्पादक किसानले भने उत्पादनमा कुनै किसिमका सुविधा नपाउँदा समस्या भएको छ र निर्यातमा आशातित सफलता हासिल हुन सकेको छैन। सरकारले निर्यातमा दिने सुविधालाई वस्तु उत्पादनमै केन्द्रित गर्नु हितकर हुन्छ र वस्तु उत्पादनका लागि आवश्यक मेसिनरी पुर्‍याउने विषयमा सुरुमा सरकार आफैं लाग्नुपर्छ। किनभने मेसिनरी राख्ने सवालमा धेरै क्षेत्रमा किसान सक्षम देखिँदैनन्।

**प्रकाशक**
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: ३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**
विभुप्रसाद अर्याल

**सम्पादन सहयोगी**
सुरेश पन्त
सौरभ पोखरेल
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-४७७०६१३, ४७७०२५३